आज मिति २०७७ साल कार्तिक २३ गते आइतवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | -श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | -श्री मिरा जोशी | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | -श्री खरसिं दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | -श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | -श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | -श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | -श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | -श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | -श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | -श्री ओजराज पौडेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | -श्री सुरेश थापा | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | -श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | -श्री निरबहादुर खड्का | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | -श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | -श्री लेखबहादुर राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | -श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारिणी सदस्य | -श्री तम बहादुर दरै | उपस्थित |
| कार्यकारिणी सदस्य | -श्री कल्पना पोखेल | उपस्थित |
| कार्यकारिणी सदस्य | -श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारिणी सदस्य | -श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| कार्यकारिणी सदस्य | -श्री अमृत बहादुर नेपाली | अनुपस्थित |
| कार्यकारिणी सदस्य | -श्री मधुमाया घर्ती | उपस्थित |
| कार्यकारिणी सदस्य | -श्री नरीमाया राना | उपस्थित |
| सचिव | -श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा. अध्यक्ष वडा नं. ९ | -श्री ज्ञानुमाया सुनार | उपस्थित |
| शाखा अधिकृत | -श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मानुङकोटको विकास एवं प्रवर्द्धन सम्बन्धमा ।

प्रस्ताव नं.२: नगरस्तरीय अस्पतालको अध्ययन प्रतिवेदन र कोभिड-१९ को प्रभाव सम्बन्धमा ।

प्रस्ताव नं.३: वडागत सिमा हेरफेर प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं.४: आलुको बिउ व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.५: विपद व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.६: विभिन्न योजनामा रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.७: विभिन्न योजनाहरुको बोलपत्र स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं.८: प्रारम्भिक वातावरणीय मूल्याङ्कन अध्ययन सम्बन्धमा ।

प्रस्ताव नं.९: पर्यटकीय प्रवर्द्धनका लागि प्रचार-प्रसार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: फोहोर व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.११: शिक्षक सरुवा सम्बन्धमा ।

प्रस्ताव नं.१२: सरुवाका लागि सहमति माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३: विद्यालयको नाम परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.१४: एम्बुलेन्स खरिदका लागि प्रकृया अघि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं.१५: वडा नं.१ को नाला निर्माण तथा सुधार सम्बन्धमा ।

प्रस्ताव नं.१६: विनियोजन शीर्षक परिवर्तन गरी रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१७: जिल्ला समन्वय समितिसँग रकम माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१८: सेवा बन्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१९: स्वास्थ्य लाभ एवं समवेदना सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित मानुङकोटमा पछिल्लो केही समय यता आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनमा उल्लेख्य रुपमा बृद्धि हुन गई यस नगरपालिकाको विकास प्रकृयामा नयाँ अवसर सृजना हुनुका साथै तिब्ररुपमा भईरहेको पर्यटकहरुको आगमनले यस नगरपालिकाको गरिमा र ओझ बढिरहेको परिप्रेक्ष्यमा, अप्रत्यासित रुपमा बढी रहेको पर्यटकहरुको भिडभाडले कोभिड-१९ को संक्रमण फैलिन सक्ने सम्भावनाका सम्बन्धमा आम सञ्चार माध्यमहरु लगायत अन्य सरोकारवाला निकायहरुले चासो र चिन्ता व्यक्त गरिरहेको सन्दर्भमा यसलाई व्यवस्थित गराउनको लागि तत्काल निम्न कार्यहरु गर्ने निर्णय गरियो ।

(क) मानुङकोट क्षेत्रको मौलिकताको संरक्षण एवं खानेपानीको व्यवस्थापन समेत गर्ने उद्देश्यका साथ सो क्षेत्रको दिर्घकालिन रुपमा योजनावद्ध विकास गर्नको लागि अत्यावश्यक रहेको गुरुयोजना निर्माण गर्नको लागि जग्गा विकास योजना अन्तर्गत विनियोजित रकमबाट रू.५,००,०००।- (पाँच लाख रुपैंया) सम्म खर्च गर्ने गरी २ महिनाभित्र गुरुयोजनाको प्रतिवेदन पेश गरी परामर्शदाता नियुक्ति गर्ने ।

(ख) मानुङकोटको सार्वजनिक जग्गाहरु एकिन गरी संरक्षण गर्ने ।

(ग) मानुङकोटमा सार्वजनिक शौचालय, केही विश्रामस्थल ट्रस, पर्यटकहरुको आवागमनलाई थप सहज एवं सुरक्षित गराउनको लागि आवश्यक स्थानहरुमा सिंढी निर्माण समेत गर्नको लागि मर्मत सम्हार कोषबाट तत्काल रू.२५,००,०००।- (पच्चीस लाख रुपैंया) विनियोजन गरी कानून बमोजिम निर्माण प्रकृया अघि बढाउन पूर्वाधार शाखालाई निर्देशन गर्ने ।

(घ) मानुङकोटको गुरुयोजना नआउँदासम्म वा बढीमा २०७७ पौष मसान्तसम्म साविक गुणादी महेन्द्रपुर १/क अन्तर्गतको जग्गा रजिष्ट्रेशन पारित सम्बन्धी सिफारिस रोक्का गर्न सम्बन्धित वडालाई

निर्देशन दिने । साथै मानुङमा हुने घर निर्माण कार्यमा हाललाई अस्थायी संरचनालाई मात्र अनुमती दिने निर्णय गरियो ।

(ङ) २०७७/७/२५ गतेदेखि मानुङकोट जाने सम्पूर्ण पर्यटकहरुलाई अनिवार्य रुपमा मानुङकोट प्रवेश मार्गमा अस्थायी पोष्ट खडा गरी नाम दर्ता गराई स्वास्थ्य सुरक्षा सम्बन्धित मापदण्डको पूर्णरुपमा पालना गरेर मात्र मानुङ क्षेत्रको दृश्यावलोकनका लागि प्रवेश गराउने व्यवस्था मिलाउन सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिने साथै सामान्यतया दैनिक रुपमा ३०० जना पर्यटकलाई मात्र दृश्यावलोकनका लागि प्रवेश अनुमती प्रदान गर्ने ।

(च) मानुङकोटको सरसफाइ र प्रारम्भिक सुरक्षाका लागि मासिक रू.१५,०००।- (पन्ध्र हजार रुपैंया) खर्च हुने गरी सेवा करारमा वडा नं. ५ को सिफारिसमा हाललाई ६ महिनाका लागि जनशक्ति व्यवस्थापन गर्ने ।

(छ) मानुङको मौलिक एवं सर्वाङ्गिण विकासका लागि मानुङकोट क्षेत्रमा जग्गा हुने सम्पूर्ण जग्गाधनीहरुसँग आवश्यक राय, परामर्श एवं छलफल गर्ने ।

(ज) मानुङकोटको पूर्वाधार निर्माणमा संघ र प्रदेश सरकारसँग समन्वय गरी सहयोग माग गर्ने ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा नगरस्तरीय अस्पताल अध्ययन समितिको म्याद २०७७ मार्ग मसान्तसम्म थप गर्ने र विद्यमान कोभिड-१९ को संक्रमण दिनानुदिन समुदाय स्तरमा नै फैलिदै गएकोले थप सतर्कता एवं सावधानी अपनाउन प्रचार-प्रसार गर्ने, सुरक्षित होम आइसोलेसन छ भनि सम्बन्धित वडा कार्यालय र स्वास्थ्य कर्मीको संयुक्त रुपमा सिफारिस भई आएमा मात्र होम आइसोलेसनमा बस्न दिने अन्यथा संस्थागत आइसोलेसनमा राख्ने निर्णय गरियो । साथै यस नगरपालिकामा हालसम्म कुल २६०५ जनाको PCR परीक्षण गरिएकोमा जम्मा ३२० जना कोभिड- १९ को संक्रमणबाट संक्रमित देखिएका, जसमध्ये २२६ जना संक्रमण मुक्त भईसकेका, ९४ जना व्यक्तिहरु सकृय संक्रमित रहेका र ५ जनाको मृत्यु भएको तथ्याङ्क सहित आजको बैठकमा स्वास्थ्य शाखाबाट प्रतिवेदन पेश हुन आएको हुँदा PCR परीक्षण प्रकृयालाई सहज गराउन रोटरी क्लवबाट प्राप्त PCR मेशिन दमौली अस्पताललाई व्यवस्थापन गर्न अनुरोध गर्ने सो नभए हाल व्यास १० स्थित दुम्सी बजारमा रहेको आधारभुत स्वास्थ्य केन्द्रमा स्थापना गर्ने गरी आवश्यक प्रबन्ध गर्न स्वास्थ्य शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्यास नगरपालिकाबाट गठित वडागत सिमाना हेरफेर समितिको अध्ययन प्रतिवेदन आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा स्थानीय कृषकहरुको ५०% लागत सहभागीतामा आलुको बिउ वितरण गर्ने कार्यका लागि कार्यालयबाट विभिन्न मितिमा गरी २ पटकसम्म आलुको बिउ खरिद सम्बन्धी बोलपत्र आव्हान सूचना गर्दा समेत कुनै पनि आपूर्तिकर्ता फर्महरुबाट बोलपत्र दाखिला हुन नआएको हुँदा सम्बन्धित वडाको कृषि शिर्षकमा विनियोजित बजेट मध्येबाट रू.१,००,०००।- (एक लाख रुपैंया) र देहाय बमोजिमको रकम नगरस्तरीय बजेटबाट खर्च गर्ने गरी सम्बन्धित वडा समिति र आर्थिक विकास शाखा मार्फत आलुको बिउ खरिद गरी यथासमयमा वितरण गर्न व्यवस्था मिलाउने निर्णय गरियो ।

| सि.नं. | वडा | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | १ | २००००।०० | |
| २. | ४ | ३५०००।०० | |
| ३. | ५ | १०००००।०० | |
| ४. | ६ | १०००००।०० | |
| ५. | ७ | १०००००।०० | |

| | | | |
|---|---|---|---|
| ६. | ८ | १२००००।०० | |
| ७. | ९ | १२००००।०० | |
| ८. | १० | १०००००।०० | |
| ९. | ११ | ७००००।०० | |
| १०. | १२ | ५५०००।०० | |
| ११. | १३ | १०००००।०० | |
| १२. | १४ | ८००००।०० | |
| जम्मा | | १००००००।०० | |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी सम्पूर्ण वडाहरुको लागि १००० (एक हजार) थान जाली र विभिन्न वडाबाट प्राप्त माग निवेदनका आधारमा आवश्यक पर्ने विभिन्न साइजका रू.१०,००,०००।- (दश लाख रुपैंया) बरावरको ह्यूम पाइपहरु खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विभिन्न योजनामा निम्न शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | रेडक्रस उपशाखा दुम्सीका लागि एम्बुलेन्स खरिद | १० | ५,००,०००।०० | शिर्षक ४४ (शिर्षक परिवर्तन) |
| २. | जिल्ला मगर संघ भवन निर्माण | | ५,००,०००।०० | शिर्षक ६५ |
| ३. | सर्वज्योती मा.वि. कम्पाउण्ड निर्माण | | ४,००,०००।०० | १४२ |
| ४. | तनहुँ जिल्ला कारागार कैदीहरुको लागि ४० वटा खाट खरिद | | २,०४,०००।०० | फुटकर विविध |
| ५. | श्यामलाल गोशली, पुस्तक प्रकाशन सहयोग | २ | २०,०००।०० | ४३ |
| ६. | बुद्धिबहादुर सुनार, शौचालय निर्माण | १० | २०,०००।०० | फुटकर विविध |
| ७. | पशुपन्छी औषधी तथा उपचार सामाग्री खरिद (पशु शाखा) | | ३,६०,०००।०० | फुटकर विविध |
| ८. | विवेक भट्टराई, विपदको बेला डोजर ढुवानी | ९, ११ | ५०,०००।०० | विपद |
| ९. | कोलढुंगा क्रिकेट खेलमैदान निर्माण थप | ११ | ४,००,०००।०० | शिर्षक ३९ |
| १०. | व्याडमिण्टन कोर्ट निर्माण पाथ्रा | ७ | ३०,०००।०० | शिर्षक ३९ |
| ११. | वडा कार्यालय पार्टेशन, रङ्ग रोगन समेत थप | १२ | १,००,०००।०० | १५२ |
| १२. | धवादी मोटर मार्ग पैह्रो नियन्त्रण | १२ | १,५०,०००।०० | विपद |
| १३. | इन्दु मा.वि. कक्षा कोठा मर्मत फर्निचर | ६ | १,५०,०००।०० | १४२ |
| १४. | भवानी कामी शौचालय निर्माण | १० | २०,०००।०० | फुटकर विविध |
| १५. | कृषि पर्यटन मार्ग | ६ | २,००,०००।०० | विपद |
| १६. | मुलपानी खानेपानी योजना मर्मत सम्हार | ११ | २,१०,०००।०० | शिर्षक १२२ |
| १७. | बर्लाची कृषि सहकारी उपकरण खरिद | ८ | १,००,०००।०० | शिर्षक ३७४ |
| १८. | गुँदी टोल विकास संस्था शौचालय निर्माण तारवार | १३ | १,००,०००।०० | फुटकर विविध |
| १९. | लिचीघारी नाला मर्मत तथा सफाई | १ | ९०,०००।०० | मर्मत कार्य |
| २०. | तल्लो साझा चनौटे टोल पँधेरा मर्मत पैह्रो हटाउने | ६ | १,००,०००।०० | शिर्षक १२२ |

| | | | | |
|---|---|---|---|---|
| २१. | इस्लामिक उर्दु अरवी मदर्शा मस्जिद पैह्रो संरक्षण | ६ | १,००,०००।०० | विपद |
| २२. | भडखाला कृयापुत्री भवन निर्माण | १,१२,१३ | १,००,०००।०० | फुटकर विविध |
| २३. | महाकाली एग्रो, ह्याचिङ्ग मेशिन खरिद | ५ | ५०,०००।०० | शिर्षक ७४ परिवर्तन |
| २४. | रिस्ती कृषि फाराम, माछापोखरी मर्मत | ८ | २,५०,०००।०० | शिर्षक ७४ परिवर्तन |
| २५. | महिला सहकारी, साथी बचत तथा ऋण सहकारी संस्था लि., पर्खाल निर्माण | १४ | १,००,०००।०० | विपद |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा संचालन हुने गरी विभिन्न निर्माण कार्यको लागि प्रकाशित बोलपत्र सम्बन्धी सुचना अनुसार कार्यालयमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मका बोलपत्र स्वीकृतको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले मुल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजनाको नाम | ठेक्का नं | फर्मको नाम | कबोल रकम ( मु.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | कन्टार रिङरोड मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण व्यास ५ | ४/MUN/२०७७।०७८ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन कलंकी १४ काठमाण्डौ | १८,०५,१५९।१० |
| २ | मिलनटोल,सिर्जनाटोल र अडमपानी टोलमा बाटो कालोपत्रे व्यास १ | ५/MUN/२०७७।०७८ | श्री अकलादेवी कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सी प्रा.लि.शुक्लागण्डकी | २४,१०,९८९।७० |
| ३ | वडा कार्यालय भवन निर्माण व्यास ९ | ३/MUN/२०७७।०७८ | श्री गणेश कन्स्ट्रक्सन व्यास ३ दमौली | २२,६५,६००।६० |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा मादीनदीको बहुद्देश्यीय विकास परियोजना साथै नारेश्वरताल निर्माण योजनाको प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको धार्मिक, साँस्कृतिक र प्राकृतिक क्षेत्रको मौलिक परिचय झल्कने गरी ब्रोसर प्रकाशन गर्ने र सबै वडाहरुमा भएका पूर्वाधार विकास एवं नगरपालिकाको प्राथमिकता विषयमा १०/१५ मिनेटको दृश्यावलोकन हुने गरी बृत्तचित्र (डकुमेन्ट्री) निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाले दैनिक रुपमा संकलन गर्ने कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गर्ने हेतुले व्यास १० को भेतरी स्थित गौशाला क्षेत्रमा प्राङ्गारिक मल उत्पादन केन्द्र स्थापना गरिएकोमा सो क्षेत्रको नियमित सुरक्षा, सफाई एवं गौशालाको गोबर संकलन गरी कुहिने फोहोर र गोबर समेतबाट प्राङ्गारिक मल उत्पादन तथा फोहोरमैला व्यवस्थापन गर्ने कार्यका लागि मासिक प्रति व्यक्ति रू.१०,०००।- (दश हजार रुपैंया) मा नबढ्ने गरी वडा समितिको सिफारिसमा हाललाई ६ महिनाका लागि २ जना जनशक्ति सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित स्थायी प्रा.वि. तृतिय शिक्षकहरुलाई तल लेखिए बमोजिमका विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

| क.सं. | शिक्षकको नाम, थर | कार्यरत विद्यालयको नाम | सरुवा भएको विद्यालय | तह/श्रेणी |
|---|---|---|---|---|
| १. | श्री सुशिला पौडेल | श्री जनसेविका प्रा.वि. - व्यास १ | श्री सत्यवती मा.वि.- व्यास २ | प्रा.वि.तृ. |
| २. | श्री अमर खनाल | श्री माहेन्द्री आ.वि. - व्यास ६ | श्री महर्षि वेदव्यास सँस्कृत मा.वि.- व्यास ३ | प्रा.वि. तृ. |
| ३. | श्री सोविता कर्मचार्य | श्री बुद्ध प्रा.वि.- व्यास १३ | श्री सिद्धबेनी आ.वि.- व्यास १३ | प्रा.वि. तृ. |
| ४. | श्री सोम न्यौपाने | श्री श्याम्घा प्रा.वि.- व्यास ६ | श्री माहेन्द्री आ.वि.- व्यास ६ | प्रा.वि. तृ. |
| ५. | श्री कश्यपराज जमरकट्टेल | श्री सर्वज्योती मा.वि.-व्यास १० | श्री निर्मल मा.वि.- व्यास १ | मा.वि.तृ.( अनुमोदन) |

*नोट :* १. श्याम्घा प्रा.वि.मा कक्षा ३ सम्म कायम गर्ने ।
२. बुद्ध प्रा.वि.मा बाल शिक्षा मात्र कायम गर्ने ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा रिक्त रहेका दरबन्दीहरुमा अन्य विभिन्न पालिकाबाट सरुवा भई आउनको लागि विभिन्न तहका शिक्षकहरुबाट आवेदन प्राप्त भएको र दरबन्दी मिलानका कारणले सिधै सरुवा गर्न कठिनाई देखिएकोले निम्न लिखित शिक्षहरुलाई सरुवा भई आउने सहमतीका लागि तनहुँ जिल्ला शिक्षा समन्वय कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

| क.सं. | शिक्षकको नाम, थर | हाल कार्यरत विद्यालयको नाम | सरुवा भएको विद्यालय | तह/श्रेणी |
|---|---|---|---|---|
| १. | श्री प्रमोद न्यौपाने | श्री शुक्र मा.वि.-रिसिङ्ग १ | श्रीसत्यवती मा.वि.- व्यास २ | प्रा.वि.तृ. |
| २. | श्री विजय गुरुङ्ग | श्री मोती प्रा.वि.-घिरिङ्ग ५ | श्री क्यामिनकोट मा.वि.-व्यास ७ | प्रा.वि. तृ. |
| ३. | श्री मिनबहादुर थापा | श्री कालिका प्रा.वि.- घिरिङ्ग ४ | श्री सिद्धबेनी आ.वि.- व्यास १३ | प्रा.वि. तृ. |

**निर्णय नं.१३ :** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास २ स्थित जनसेवा प्रा.वि. को भवन निर्माण लगायतका जग्गा उपलव्ध गराउँदा व्यास ३ बस्ने श्री बुद्धिकुमार बताससँग अदालतको मिलापत्रबाट श्री तुलसीराम जनसेवा प्रा.वि.राख्न तत्कालिन विद्यालय व्यवस्थापन समितिसँग सहमती भएको भन्ने भएकोले सम्बन्धित विद्यालय र श्री बुद्धिकुमार बताससँग सम्वद्ध कागजपत्र माग गरी लिखित राय लिई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) (८) बमोजिम प्रकृया अघि बढाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को संक्रमण दिनानुदिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा बिरामीहरु ओसार-पसारको लागि एउटा एम्बुलेन्स खरिदको लागि प्रकृया अगाडी बढाईएकोमा यस नगरपालिकाको भौगोलिक एवं यातायात पूर्वाधारको अवस्थालाई मध्येनजर गर्दा एउटा मात्र एम्बुलेन्सबाट प्रभावकारी रुपमा सेवा पुर्‍याउन कठिनाई देखिएकोले कर छुटको लागि सम्बन्धित निकायबाट स्वीकृत लिई रू.१०,५०,०००।- (दश लाख पचास हजार रुपैंया) सम्मको थप एउटा एम्बुलेन्स खरिद गर्ने गरी आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७७/०७८ का लागि स्वीकृत बजेट शिर्षक नं. ९९ अन्तर्गत वडा नं. १ को कालोपत्रे, नाला निर्माण, सुधार योजनाको लागि वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम न्यूनतम २०% लागत सहभागीता रहने गरी देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | विनियोजित रकम |
|---|---|---|
| १. | दरै समाज भवन देखि निर्मल मा.वि. नजिक नालामा जोडिने (हाईस्कुलटार टोल विकास संस्था) | १०,००,०००। |
| २. | भादगाउँचौताराबाट मिलन टोल जोड्ने जिर्ण नाला भत्काई दोहोरो नाला निर्माण (भादगाउँ टोल विकास संस्था) | १०,००,०००। |
| ३. | मन्समार्गदेखि ठूलो गाउँ जोडिने नाला पुरा गर्ने (दमौली टोल विकास संस्था) | ४,००,०००। |
| ४. | खनाल बाजेको घरबाट क्याम्पस जाने बाटो अधुरो पिच थप (सृजना टोल विकास संस्था) | १,५०,०००। |
| ५. | पुरानो छाब्दी मार्गको खानेपानी कार्यालय देखि शिवपाञ्चायन मन्दिरसम्म बाटो पिच थप | १,००,०००। |
| ६. | निर्मलनगर टोल जीवन शाहीको घर नजिक नाला निर्माण | ३,५०,०००। |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०७७/०७८ का लागि देहाय बमोजिमको कार्यक्रमहरुको लागि स्वीकृत भएको बजेटलाई देहाय बमोजिम हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

१. शिर्षक नं. ४४ को क्याम्पस, विद्यालय, स्वास्थ्य सेवा विस्तार प्रवर्द्धनको रू.५,००,०००।- (पाँच लाख रुपैया) एम्बुलेन्स खरिद अनुदान ।

२. शिर्षक नं. ७४ को व्यास नगरभित्रका मौलिक साँस्कृतिक संरक्षण अन्तर्गतको रू.१०,००,०००।- (दश लाख रुपैंया) कृषि, पशु उपशाखा अन्तर्गत अनुदान तथा औषधी खरिद ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं. १ को वडा कार्यालय भवन र वडा नं. ९ को वडा कार्यालय भवन निर्माण कार्यका लागि स्वीकृत बोलपत्र अनुसारको डिजाइन र लागतमा भवन निर्माण कार्य अगाडी बढाउने कार्यका लागि जिल्लासभाबाट निर्णय भए बमोजिमको रकम रू.३०,००,०००।- (तिस लाख रुपैंया) उपलव्ध गराईदिन जिल्ला समन्वय समितिको कार्यालयमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा विद्यमान कोभिड १९ को प्रभाव एवं असर र नगरपालिकाका केही कर्मचारीहरु समेतमा संक्रमण देखिएकाले वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रवाह गरिने अत्यावश्यक सेवा (सरसफाई, आन्तरिक सुरक्षा, बारुणयन्त्र लगायत) र सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने जनस्वास्थ्य सम्बन्धी सम्पूर्ण सेवा बाहेकका अन्य सेवाहरु मिति २०७७।०८।३, ४ र ५ गते ३ दिनसम्म बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका कोभिड- १९ बाट संकमित बिरामीहरुको स्वास्थ्य लाभको कामना गर्दै मृतकका परिवारहरुलाई हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।